# अटोमोबाइल ड्राइभर लाइसेंसको( इजाजतपत्र) बारेमा




## गाडी चालकको लाइसेंस

① जापानमा गाडी चलाउनको लागि, तलका यीमध्ये कुनै सवारीचालक अनुमतिपत्रको आवस्कता पर्दछ।

- जापानको सवारीचालक अनुमतिपत्र
- अन्तर्राष्ट्रिय सवारीचालक अनुमतिपत्र (जेनेभा संधिमा अनुबन्धित)
- विदेशको सवारीचालक अनुमतिपत्र (स्विजरल्याण्ड,जर्मनी,फ्रान्स,बेल्जियम,मोनाको, इस्टोनिया, ताइवान आदी देश या क्षेत्रको लाइसेन्स भइ, जारी गर्ने संस्था अथवा त्यस देसको राजदूतावास तथा वाणिज्य दूतावास आदीले तयार गरेको अनुवाद पत्रको आवस्यकता पर्दछ।)

② सवारी चलाउदा यी मध्ये कुनै लाइसेन्स र आवस्यक कागजात (पासपोर्ट, लाइसेन्सको अनुवाद पत्र ) आदी चिजहरु अनिवार्य रुपमा साथमा राख्नु होला।

**●जो व्यक्तिसँग सवारीचालक अनुमतिपत्र छ (अन्तर्राष्ट्रिय तथा विदेशी सवारीचालक अनुमतिपत्रलाई जापानिजमा बदल्ने)**

| | सवारीचालक अनुमतिपत्रको नवीकरणको लागिको सर्त र प्रक्रिया आदि |
|---|---|
| विदेशी सवारीचालक अनुमतिपत्र बाट जापानको लाइसेन्समा बदल्ने | • विदेशी सवारीचालक अनुमतिपत्र बाट जापानको लाइसेन्समा बदलेमा जापानमा सवारी चलाउन मिल्दछ।<br>• विदेशी सवारीचालक अनुमतिपत्र वैधानिक हुनु पर्दछ, लाइसेन्स लिएको तिन महिना भन्दा बढी उक्त देशमा बसेको हुनु पर्दछ।<br>• लाइसेन्स बदल्ने प्रक्रियाको लागि जाँदा, जापानी भाषा बोल्न नसक्ने व्यक्तिले अनुवाद गर्ने मान्छे लाइ सँगै लिएर जाऔं।<br>• यो प्रक्रियाको लागि अग्रिम रुपमा समय लिनु पर्दछ। पहिलानै लाइसेन्स सेन्टरमा सम्पर्क गरौं।<br>○लाइसेन्स बदल्ने स्थान :<br>ओकिनावा प्रिफेक्चरल पुलिस ड्राइभिंग सेन्टर 098-851-1000 एक्सटेंशन नम्बर 553<br>【प्रक्रियाको क्रमसुची】<br>① आवश्यक कागजातहरुको जाँच, परीक्षा र अन्तर्वार्ता<br>② प्राविधिक ज्ञान तथा सिपको प्रमाणिकरण (अग्रिमरुपमा समय लिनु पर्दछ )<br>※जापानिज भाषा बाहेक अन्य भाषामा पनि परिक्षा दिन सकिन्छ।<br>③ योग्यता परिक्षण (दृष्टि परीक्षण आदि )<br>④ जब ① देखि ③सम्मका सबै प्रक्रिया सकिन्छ, र उत्तीर्ण भएपछी लाइसेन्स जारी गरिन्छ<br><br><br>○केहि देशहरु, जसले प्राविधिक ज्ञान तथा सिपको प्रमाणिकरण गरी रहनु पर्दैन। तलको HP बाट बुझ्न सक्नुहुनेछ।<br>http://www.police.pref.okinawa.jp/docs/2015030100253/ |
| अन्तर्राष्ट्रिय सवारीचालक अनुमतिपत्र | जेनेभा सन्धिमा अनुबन्धित भएको अन्तर्राष्ट्रिय सवारीचालक अनुमतिपत्रले , जापानमा सवारी चलाउन सकिन्छ।<br>(दृस्टान्त: महानगर पुलिस विभागको HP, जेनेभा सन्धिमा अनुबन्धित सदस्य देशको सूची)<br>https://www.keishicho.metro.tokyo.jp/menkyo/menkyo/kokugai/kokugai04.html<br>• अन्तर्राष्ट्रिय सवारीचालक अनुमतिपत्रको मान्य समय, जारी भएको मितिबाट एक वर्ष वा जापानमा अवतरणको मितिबाट एक वर्ष मध्ये कुनै हुने भएकाले छोटो समयको हुन्छ।<br>(※) जापान प्रवेश पछि, फेरी जापान छोडर ३ महिना भन्दा कमको विदेश बसाइ पछि जापानमा पुन:प्रवेश गरेको खण्डमा, पुन:प्रवेस गरे बाटको १ वर्ष नभई ,शुरुमा प्रवेश गरेको समय बाटको १ वर्ष लाइ गणना गरिनेछ। |
| विदेशको सवारीचालक अनुमतिपत्रले सवारी चलाउन | • स्विजरल्याण्ड,जर्मनी,फ्रान्स,बेल्जियम,मोनाको, इस्टोनिया, ताइवान आदी देश या क्षेत्रको वैधानिक लाइसेन्स भएका व्यक्तिहरुले, त्यो लाइसेन्स र त्यसको अनुवाद पत्र (लाइसेन्स जारी गर्ने संस्था अथवा त्यस देसको राजदूतावास तथा वाणिज्य दूतावास आदीले तयार गरेको अनुवाद पत्र मात्र ) र पासपोर्ट साथमा बोकेमा, आफ्नो लाइसेन्सको प्रकार अनुसारको गाडीहरु जापान भरिमा चलाउन सक्दछन।<br>· विदेशको सवारीचालक अनुमतिपत्रले, जापान प्रवेश गरेको १ वर्ष सम्म सवारी चलाउन मिल्दछ। (※) |

**●सवारीचालक अनुमतिपत्र नभएका व्यक्तिहरु**

① सवारीचलाउनको लागी, अध्ययन संस्था या ड्राइभिंग स्कूलमा गइ, यातायात नियम तथा ड्राइभिंग सीप सिक्नुपर्दछ। अध्ययन पुरा भएपछि सवारीचालक अनुमति केन्द्र तथा परिक्षा स्थलमा गएर अन्तिम बिषयगत परिक्षा दिइ , यदि तपाईं उत्तीर्ण हुनुभयो भने, तपाईले लाइसेन्स प्राप्त गर्न सक्नुहुनेछ। यसकोलागि सामान्यतया २-३ महिना र लामोमा ९ महिना सम्म समय लाग्न सक्दछ। खर्च चाँही लगभग ३ लाख ५० हजार एन जति लाग्दछ।

② सामान्य लाइसेन्स मा, AT (अटोमेटिक) र MT(म्यानुअल) सवारी चलाउन सकिने गरि दुइ प्रकारका लाइसेन्स हुन्छन।

③ अध्ययन संस्था या ड्राइभिंग स्कूलमा मा नगइ आफैले पढेर, परिक्षा दिन पनि सकिन्छ तर यो अतिनै कठिन हुन्छ।